आज मिति २०८३ असोज महिना १५ गते बिहीबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको १०२ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |

आमन्त्रित /अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत बिमला बाग्ले | |
| | जितेश थिसल, इन्जिनियर | |
| | लेखापाल [illegible] बल्ली | |

प्रमाणित
०८३।६।१५

**मिति २०८३/०६/१५ गतेको १०२ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**प्रस्तावहरु**

१. गत वैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. प्रदेश समपुरक योजना सम्बन्धमा।
३. मेसिन भाडामा लिने सम्बन्धमा।
४. शहरी सडक स्तरउन्नति मर्मत तथा सडक सुरक्षा योजना सम्बन्धमा।
५. जनस्वास्थ्य अधिकृत सेवा करार सम्बन्धमा।
६. अख्तियारनामा सम्बन्धमा।
७. अधिकृत स्तरका कर्मचारीको राजिनामा स्वीकृत सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं.२**

प्रदेश समपुरक योजना तर्फ रांइनास नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. १ देखि १० सम्म सञ्चालन हुने "कृषि योग्य जमिनमा कृषि सडक विस्तार, वडा नं १ देखि वडा नं १० सम्म" योजनाको कूल रु. १,२०,००,०००/- (एक करोड बीस लाख रुपैयाँ मात्र) कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका २२ वटा योजनाहरूमा बजेट विनियोजन गरी सोही अनुसार प्राविधिक लागत अनुमान तयार गर्ने तथा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम बोलपत्र आह्वानको प्रक्रिया अगाडि बढाउने।

(योजना तथा बजेट विनियोजन विवरण):

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम (रु.) |
|---|---|---|
| १ | भैंसीखोला बेलबोट चौतारा हुँदै छविसे कृषि सडक | ५,००,०००/- |
| २ | वडा नं. ८ मिलनचोक कान्ले हुँदै मकै चौतारा जोड्ने कृषि सडक | ३,००,०००/- |
| ३ | जुगेपानी छापस्वाँरा तीनघरे कृषि सडक | १०,००,०००/- |
| ४ | भिरकुना खोरभञ्ज्याङ राइनासकोट सडक | १७,००,०००/- |
| ५ | कुमालगाउँ हुँदै आपचौर जाने सडक | ३,००,०००/- |
| ६ | लामपाटा साठिमुरे कृषि सडक | ५,००,०००/- |
| ७ | गैरी गोकुलधोके कृषि सडक | ५,००,०००/- |
| ८ | कुवापानी कुडुले जोड्ने कृषि सडक | ५,००,०००/- |
| ९ | मगरगाउँ ढलौटा कृषि सडक | २,००,०००/- |
| १० | सिम्पानी चारसय फाँट तार्दीखोला कृषि सडक | ६,००,०००/- |
| ११ | गँगटे ढोक्से कृषि सडक | ५,००,०००/- |
| १२ | ढाँड रेग्मी खोला फाँट जाने बाटो | ५,००,०००/- |
| १३ | कदमटार घुमाउने भोर्ले कृषि सडक | १,५०,०००/- |

| | | |
|---|---|---|
| १४ | नयाँ पौवा-तमुटोल हुँदै सुकुम्बासी टोल निस्कने कृषि सडक | ७,००,०००/- |
| १५ | प्यारजुङ मयलडाँडादेखि धुल्पुटेसम्म कृषि सडक | ५,००,०००/- |
| १६ | वास्टन सिस्नेरी आलुबारी कृषि सडक | ५,००,०००/- |
| १७ | बनौटी कदमबोट हुँदै चेपेसाँघु निस्कने कृषि सडक | २०,००,०००/- |
| १८ | च्यानडाँडा-केउरेनी-आलीबारी कृषि सडक | २,५०,०००/- |
| १९ | गराखेत सडक स्तरउन्नति | २,०००००/- |
| २० | उपल्लो फाँट टुडावर कृषि सडक | २,०००००/- |
| २१ | धमिलीकुवा चौउर हुँदै लोकमार्ग कृषि सडक | २,०००००/- |
| २२ | कृषि सडक वडा नं ४ | २,०००००/- |
| | कूल जम्मा | १,२०,००,०००/- |

**निर्णय नं.३**

राइनास नगर क्षेत्रभित्रका सडकहरूलाई नियमित तथा आकस्मिक सडक सरसफाइ, मर्मतसम्भार गरी चालु अवस्थामा राखिराख्नका लागि २ वटा मेसिनरी उपकरण (ब्याकहो लोडर) भाडामा लिन सूचना प्रकाशन गरिएकोमा १ वटा मात्र आवेदन परेको हुनाले सो अनुसार १ वटा ब्याकहो लोडरका लागि सम्झौता भइसकेको र तत्पश्चात बाँकी १ वटा ब्याकहो लोडरका लागि पुनः दोस्रो पटक सूचना प्रकाशन गरी प्रस्ताव माग गरिएकोमा कुनै पनि आवेदन नपरेको हुँदा, बाँकी १ वटा ब्याकहो लोडर भाडामा लिने प्रक्रियालाई निरन्तरता दिन पुनः २०८३ असोज २० गतेसम्मको म्याद दिइ सूचना प्रकाशन गर्ने।

**निर्णय नं.४**

"शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" अनुसार यस नगरपालिकामा लमजुङ जिल्ला स्थित राइनास नगरपालिकामा "शहरी सडक स्तरोन्नति, मर्मत सुधार तथा सडक सुरक्षा" कार्यक्रमको लागि विनियोजित बजेट कार्यान्वयन गर्ने कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ग) मा आर्थिक रूपमा उच्च सम्भावना भएका पर्यटकीय स्थलसम्म पहुँच पुर्याउने सडकलाई प्राथमिकता दिई आयोजना छनौट गर्ने व्यवस्था भएबमोजिम, यस नगरपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल राइनासकोट सम्मको पहुँच मार्गलाई सहज, सुरक्षित र व्यवस्थित बनाउन "टुनिगैरा-होमस्टे-राइनासकोट सडक स्तरोन्नति" योजना र "राइनास नगरपालिकामा शहरी पूर्वाधार निर्माण" कार्यक्रम तर्फ "नगरस्तरिय चक्रपथ" सडक निर्माण योजना कार्यान्वयनको लागि सिफारिस गर्ने।

**निर्णय नं.५**

आ.ब.२०८२।८३ देखि सञ्चालनमा रहेको संघीय सशर्त अनुदान तर्फको "म स्वस्थ्य मेरो समुदाय स्वस्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम तर्फ एक स्थानीय तह एक जनस्वास्थ्य अधिकृत अवधारणा अन्तर्गत सेवा करारमा १ जना जनस्वास्थ्य अधिकृत भर्ना गर्ने।

**निर्णय नं.६**

साविक धमिलीकुवा गा.वि.स. हाल राइनास नगरपालिका विपक्षी/प्रतिवादी बनाइ गजेन्द्र बहादुर चिलुवाल समेतले श्री उच्च अदालत पोखरामा दायर गरेको मुद्दा नं ०८२-DP-०३२८ (अन्तरिम आदेश सहितको निषेधाज्ञा नामसारी) र ०८२-DP-०३२९(क्षतिपूर्ति रकम दिलाई भराई पाउँ) को यस नगरपालिकाको तर्फबाट

प्रतिरक्षा गर्नको लागि यस कार्यालमा कार्यरत न्यायिक सहजकर्ता (अधिवक्ता लाइसेन्स नं. ११११२४) श्री सरिता पनेरुलाई अख्तियारनामा दिने।

**निर्णय नं.७**

यस कार्यालयमा कार्यरत स्थानीय प्रशासन सेवा, विविध समूह अधिकृतस्तर छैटौं (साविक नेपाल विविध सेवा/समूह/उपसमूह महिला विकास निरीक्षक) श्री सितादेवी गैहे (कर्मचारी संकेत नं. १९३१८६) ले आफ्नो राजिखुशीले मिति २०८३/६/१६ देखि लागु हुने गरी मिति २०८३/०६/१५ मा पेश गर्नुभएको राजिनामा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को दफा १४१ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं.८ विविधः**

क. मर्स्याङ्दी नदी किनारमा अवस्थित रा.न.पा.८ स्थित सर्वोदय सेवाश्रम (धर्मनाथ धाम), वडा नं ४ स्थित चक्रतिर्थ धाम र वडा नं ७ स्थित चेपेघाटको संरक्षण साथै विपद् जोखिम न्यूनीकरणको लागि तटबन्ध निर्माण गर्न आवश्यक बजेट उपलब्ध गराइदिन/ तटबन्ध निर्माण गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने।

ख. मिति २०८३ साल असोज ९ देखि ११ गतेसम्म परेको अत्याधिक भारी वर्षाका कारण राइनासटार सिँचाइ योजना अन्तर्गत ढुङ्गेकोल माथि नहरमा पहिरो गई क्षति पुगेको र हाल सिँचाइ प्रणाली पूर्ण रूपमा अवरुद्ध भएको। तत्काल मर्मत नगरेमा रा.न.पा. ०६ र ०७ का विभिन्न क्षेत्रको कृषियोग्य भूभागमा सिँचाइ सुविधा उपलब्ध हुन नसकी धान बाली लगायत समग्र अन्न उब्जनीमा गम्भीर असर पर्ने र कृषकहरूलाई ठूलो आर्थिक क्षति हुने आपतकालीन अवस्था सिर्जना भएकोले कृषि उत्पादनमा पर्ने प्रतिकूल असर र जनहितलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिमको खरिद प्रक्रिया अपनाई राइनासटार सिँचाइ योजनाको नहर तत्काल मर्मत कार्य अगाडि बढाउन स्वीकृति प्रदान गर्ने र यसका लागि वडास्तरिय विपद व्यवस्थापन खर्च शीर्षकबाट आवश्यक बजेट व्यवस्था मिलाउने। उक्त स्थानमा पुनः पहिरो जान नदिन र नहरको दीर्घकालीन सुरक्षाका लागि सेयर वाल, ग्याबियन जाली तथा अन्य ठूला संरचनात्मक संरक्षण कार्य निर्माण गर्नुपर्ने देखिएकाले सोका लागि आवश्यक प्राविधिक सहयोग तथा बजेट व्यवस्थापनका लागि जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, लमजुङमा अनुरोध गर्ने।

ग. राइनास नगरपालिका वडा नं ६ स्थित धमिलीकुवामा सार्वजनिक स्थलमा बनेको घर टहरा हटाउँदा तत्काल आवास विहिन भइ आवास व्यवस्थापन गर्दा घरभाडामा रहेका शंकर चिलुवाल र पार्वती लौडारीलाई सम्बन्धित वडाको सिफारिस अनुसार ३ महिनासम्मको घरभाडा बापतको रकम सहयोग गर्ने।